नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृत : ०९१, ५६०११८
प्रशासकीय अधिकृत : ०९१, ५६०८१६

**टीकापुर नगरपालिका**

# नगरकार्यपालिकाको कार्यालय

**टीकापुर, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**र्‍याफ्टिङग सञ्चालन गर्न सिलबन्दी दरभाउ लगाउने सम्बन्धी सूचना**

**(कार्यालयमा प्रथम पटक प्रकाशित मिति :- २०७६।०७।१७ गते)**

टीकापुर नगरपालिका क्षेत्र भित्र पर्ने तपसिल बमाजिमा क्षेत्रमा आ.व.२०७६/७७ का लागि आय संकलन गर्न बढाबढ प्रक्रियाद्वारा ठेक्कामा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | सिलबन्दी दरभाऊ पत्र नाम | ठेगाना | न्यूनतम ठेक्का रकम (रु.) | प्रस्ताव फाराम दस्तुर (रु.) | अवधि | अग्रीम भुक्तान गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १९- २०७६/७७ | **र्‍याफ्टिङग सञ्चालन सम्बन्धी** | टी.न.पा. ५ | १५१००० (एक लाख एकाउन्न हजार मात्र ) | १,०००।- | २०७७ असार मसान्त सम्म | कबोल अंकको शतप्रतिशत | |

***शर्तहरु :***

इच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले ३ दिन (मिति २०७६।०७।१९ गते) कार्यालय समय सम्म यस कार्यालयको राजश्व उपशाखाबाट फराम खरिद गरी चौथो दिन दिनको १२:०० बजे सम्म टीकापुर नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त सिलबन्दी बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:०० बजे देखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा टीकापुर नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदार्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी बोलपत्र प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

सिलबन्दी बोलपत्र प्रस्ताव फारम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।

फाराम लिंदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ.व.२०७६/७७ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

. सिलबन्दी फारामको खाम बाहिर यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावहरुको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

प्रस्ताव कर्ताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

सिलबन्दी प्रस्तावको साथमा यस नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको संचित कोष खाता नं. १०७०३००००००००४००१००२ मा जम्मा गरेको सक्कल भौचर यस कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

. पेश भएको सिलबन्दी बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

. कबोल गरेको अंक अनुसार यस कार्यालयको संचित कोषमा अग्रीम जम्मा गरे पश्चात् मात्र सम्झौता गरिनेछ ।

. म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी फारम उपर कुनै कारवाही गरिने छैन ।

०. सम्बन्धित ठेक्काको संकलन गर्नुपर्ने दररेट बोलपत्र फारम खरिद गर्दा उपलब्ध गराईनेछ

१. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ ।

२. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

.....................................

चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत